# कार्डियाक सोसाइटी अफ नेपाल

Cardiac Society of Nepal

Estd.: 1998

# विधान

## २०५५

(पहिलो संसोधन २०६१ र दोस्रो संसोधन २०७६ सहित)

तेस्रो संसोधन २०८०

नेपाल

CS CamScanner

# कार्डियाक सोसाइटी अफ नेपाल
# (नेपाल हृदयरोग चिकित्सक संघ)

साधारण सभाबाट स्वीकृत
पहिलो संशोधन-२०६१
दोस्रो संशोधन-२०७६
तेस्रो संशोधन-२०८०

## प्रस्तावना

हृदयरोग सम्बन्धी विशेषज्ञहरूको परस्परको सद्भाव र सहयोगको भावना बढाउने, हृदयरोग सम्बन्धी रोगीहरूको बढी सेवा पुऱ्याउन, आफ्नो विषयमा क्षमता बढाउन, छलफल, अध्ययन अनुसन्धान गर्ने, अन्तर्राष्ट्रिय वा राष्ट्रिय संघ संस्थासँग सम्बन्ध र समन्वय राख्ने र मुटु रोगीहरूलाई यथासम्भव देश बाहिर जान नपर्ने बारेमा प्रयास गर्ने आदि हृदय रोग सम्बन्धी विशेषज्ञहरूको सहभागितामा कार्डियाक सोसाइटी अफ नेपाल नामक संस्था स्थापना र संचालन गर्न वान्छनीय भएकोले निम्नअनुसार विधान बनाइएको छ ।

## परिच्छेद-१

## सामान्य

१.१. संक्षिप्त नाम र प्रारम्भ

(क) यस विधानको नाम "कार्डियाक सोसाइटी अफ नेपाल" विधान रहने छ ।

(ख) यस संस्थाको नाम "कार्डियाक सोसाइटी अफ नेपाल" रहने छ ।

(ग) यो विधान संस्था दर्ता भएको मिति देखि प्रारम्भ हुनेछ ।

१.२. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा :

(क) "संस्था" भन्नाले कार्डियाक सोसाइटी अफ नेपाललाई सम्झनु पर्दछ ।

(ख) "विधान" भन्नाले कार्डियाक सोसाइटी अफ नेपाल विधानलाई सम्झनु पर्दछ ।

(ग) "कार्य समिति" भन्नाले यस विधान अनुसार गठित कार्य समितिलाई सम्झनु पर्दछ ।

+(घ) "पदाधिकारी" भन्नाले संस्थाका अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष, सदस्यहरुलाई सम्झनु पर्दछ ।

---

+तेस्रो संशोधनद्वारा संशोधित



CamScanner

(ङ) "स्थानीय अधिकारी" भन्नाले प्रमुख जिल्ला अधिकारी सम्झनु पर्दछ।

१.३. संगठित संस्था

यो संस्था अविच्छिन्न उत्तराधिकारवाला एक संगठित संस्था हुनेछ। यस संस्थाले व्यक्ति सरह चल-अचल सम्पत्ति प्राप्त गर्न, राख्न र दिन सक्नेछ। आफ्नो नामबाट नालिस उजूर गर्न र यस उपर पनि नालिस उजूर लाग्न सक्नेछ।

१.४. छाप

यस संस्थाको कार्डियाक सोसाइटी अफ नेपाल भएको छुट्टै छाप हुनेछ।

♣१.५. कार्यालय

यस संस्थाको कार्यालय हाललाई का.जि.का.म.न.पा. वडा नं. ३ काठमाण्डौ बाँसवारी स्थित शहिद गंगालाल राष्ट्रिय हृदय केन्द्रको परिसरभित्र रहनेछ। साथै स्थानिय अधिकारीको स्विकृत लिई हाल देशको सातै प्रदेशको प्रदेश राजधानीमा यस सोसाइटीको प्रदेश Committee गठन गरिनेछ।

१.६. कार्यक्षेत्र

यस संस्थाको कार्यक्षेत्र नेपाल अधिराज्य भर हुनेछ।

## परिच्छेद-२

## उद्देश्यहरू

♣२.१ उद्देश्यहरू

प्रचलित नेपाल कानून र नेपाल सरकारको नीति निर्देशनको अधिनमा रही यस संस्थाका उद्देश्यहरू देहाय बमोजिम रहेका छन्:

(क) हृदयरोगका विशेषज्ञहरूको परस्परको सद्भाव र सहयोगको भावना बढाउने, विचारहरूको आदान प्रदान गर्ने, हृयदरोग सम्बन्धी रोगीहरूको बढी सेवा पुऱ्याउन, आफ्नो विषयमा दक्षता, क्षमता बढाउन, छलफल, अध्ययन अनुसन्धान गर्ने।

---

♣दोस्रो संशोधनद्वारा संशोधित

(ख) हृदय रोग विशेषज्ञहरूको वर्गीय हित, वैज्ञानिक किसिमको प्रचार गर्ने, राष्ट्रिय र अन्तर्राष्ट्रिय संघ संस्थासँग सम्बन्ध र समन्वय राख्ने, जनताहरूलाई आफ्नो सेवाको परिचय दिने।

(ग) कुनै अनुसन्धान गर्नु परेमा नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को स्वीकृति लिएर मात्र गरिने छ।

२.२ यो संस्था राजनीतिक दल वा दलगत राजनीतिक विशेषसँग असम्वद्ध र लाभ निरक्षेप रहने छ।

(क) स्वास्थ्य मन्त्रालयलाई आर्थिकभार नपर्ने गरी कार्य संचालन हुनेछ।

## परिच्छेद-३

## सदस्यता

♣३.१. सदस्यता:

१. यस संस्था प्रति श्रद्धा र निष्ठा राखी यस विधानलाई स्वीकार गर्ने हृदयरोग विशेषज्ञहरू सदस्य हुन योग्य मानिने छन्। हृदयरोग विशेषज्ञ भन्नाले देहाय बमोजिमका विशेषज्ञहरूलाई जनाउनेछ।

(क) मुटुरोग सम्बन्धी विषयमा Post Graduation MD in Cardiology वा MS in Cardiac Surgery वा सो सरह र सो भन्दा माथिल्लो योग्यता हासिल गरेका चिकित्सकहरू।

(ख) Anesthesia मा MD हासिल गरी मान्यता प्राप्त संस्थामा Cardiac Anesthesia मा कम्तीमा एक वर्षको कार्य अनुभव भएको।

(ग) General Medicine, General Surgery मा MD/MS हासिल गरी मान्यता प्राप्त संस्थामा Cardiology/Cardiac Surgery विषयमा कम्तिमा ३ वर्ष कार्य गरेको अनुभव भएको।

(घ) Pediatrics मा MD हासिल गरी मान्यता प्राप्त संस्थामा Pediatric Cardiology मा कम्तिमा एक वर्ष कार्य अनुभव भएको।

•(ङ) MBBS उत्तिर्ण गरी Diploma in Cardiology वा सो सरहको प्रमाणपत्र प्राप्त गरेको र मान्यता प्राप्त संस्थामा कार्डियोलोजी विषयमा कम्तिमा २ वर्षको अनुभव भएको।

---

♣ दोस्रो संशोधनद्वारा संशोधित

• दोस्रो संशोधनद्वारा थप

- २. मानार्थ सदस्यता : अन्तर्राष्ट्रिय क्षेत्रमा मुटु रोगको निदान, उपचार र अनुसन्धानमा विशिष्ट योगदान गरेका मुटुरोग विशेषज्ञहरूलाई कार्य समितिले निर्णय गरी मानार्थ सदस्यता (Honorary Membership) प्रदान गर्न सक्नेछ । सो मानार्थ सदस्यता निःशुल्क हुनेछ । यस्तो सदस्यता लिने व्यक्तिहरू कार्य समितिमा उम्मेदवार हुन र कार्यसमिति निर्वाचनमा मतदान गर्न पाउने छैनन् ।
- ३ International Membership : स्वदेश वा विदेशमा कार्यरत मुटुरोग विशेषज्ञहरूले संस्थाको सदस्यताको लागि आवदेन गरेमा दफा ३.१ अनुसार योग्यता पुगेका विशेषज्ञहरूलाई कार्य समितिले International Membership प्रदान गर्न सक्नेछ । यस्तो सदस्यता लिने व्यक्तिहरू कार्य समितिमा उम्मेदवार हुन र कार्य समिति निर्वाचनमा मतदान गर्न पाउने छैनन् । यस्तो प्रकारको सदस्यता शुल्क दफा ३.२ मा उल्लेख गरे अनुसारको हुनेछ ।
- ४. Associate Membership: कार्डियोलोजी, कार्डियाक सर्जरी, कार्डियाक एनेस्थेसिया विषयमा DM, MCH, Fellowship वा सो सरहमा अध्ययन गरिरहेका नेपाली विद्यार्थीहरूलाई कार्य समितिको निर्णयबाट संस्थाको Associate Membership प्रदान गर्न सकिनेछ । यस्तो सदस्यता लिने व्यक्तिहरूले कार्य समितिमा उम्मेदवार हुन र कार्य समितिको निर्वाचनमा भाग लिन पाउने छैनन् । Associate Membership को सदस्यता शुल्क दफा ३.२ मा उल्लेख गरे अनुसार हुनेछ ।

♣३.२ सदस्यको प्रकार र शुल्क

(क) संस्थाको साधारण सदस्य, आजीवन सदस्य, मानार्थ सदस्य, International Member, Associate Member गरी पाँच प्रकारका सदस्य रहनेछन् । साधारण सदस्य हुन वार्षिक रु. ५००।- र आजीवन सदस्य हुन एकमुष्ठ रु. ५०००।- शुल्क बुझाउनु पर्नेछ । मानार्थ सदस्यता निशुल्क प्रदान गरिनेछ । Associate Membership सदस्यता शुल्क आजिवन सदस्यता शुल्कको आधा रकम तोकिएको छ । Associate Member ले अध्ययन पुरा गरे पश्चात् आवेदन दिएर बाँकी आधा शुल्क बुझाएर आजीवन सदस्य हुन सक्नेछन् ।

(ख) दफा ३(१) मा उल्लेख गरे बमोजिम योग्यता प्राप्त गरेका नेपाली नागरिकहरूले साधारण सदस्यता वा आजीवन सदस्यताको लागि आवेदन गर्न सक्नेछन् । साधारण सदस्यले सदस्यता कायम रहने अवधिसम्म कार्य समिति निर्वाचनमा मतदान गर्न पाउनेछ

---

♣ दोस्रो संशोधनद्वारा संशोधित

• दोस्रो संशोधनद्वारा थप

तर कार्य समितिको उम्मेदवार हुन पाउने छैन । आजीवन सदस्यले कार्य समितिको निर्वाचनमा उम्मेदवार हुन र मतदान गर्न पाउनेछ ।

३.३. सदस्यता प्रदान गर्ने विधि

विधानको धारा ३.१ बमोजिम सदस्य हुन चाहनेलाई कार्य समितिले तोकिदिएको बमोजिम सदस्यता प्रदान गरिनेछ ।

३.४. सदस्यको अयोग्यता

बहुलाएका, मानसिक सन्तुलन नभएका र नैतिक पतन देखिने फौज्दारी अभियोगमा अदालतबाट सजाय पाएका व्यक्तिहरू संस्थाका सदस्य हुन वा रहन सक्ने छैनन् ।

३.५. संस्थाको सदस्यता निम्नलिखित अवस्थामा समाप्त हुनेछ

(क) अध्यक्ष समक्ष लिखित राजिनामा दिएर कार्य समितिबाट स्वीकृत भएमा,

(ख) संस्थाको हित र उद्देश्य विपरित बोलेको वा काम गरेको भनी कार्य समितिले अनुशासनमा कारवाही गरी पेश गरेको प्रतिवेदन साधारण सभाबाट स्वीकृत भएमा,

(ग) विधानको धारा ३.४ अनुसारको अवस्थामा भएमा,

→(घ) ..........................

## परिच्छेद-४

## साधारण सभा तथा कार्य समिति

४.१. साधारण सभा गठन विधि

संस्थाका सबै प्रकारका सदस्यहरू भएको एउटा साधारण सभा हुनेछ । सदस्यहरूको सामूहिक उपस्थितीमा अधिवेशनको रुपमा वर्षको एक पटक साधारण सभा बस्नेछ । आवश्यक परेमा कार्य समितिले तोके→ बमोजिम अन्य समयमा पनि बस्न सक्नेछ ।

४.२. साधारण सभाको अधिवेशन

(क) वर्षको एक पटक साधारण सभाका सदस्यहरूको सामूहिक उपस्थितीमा साधारण सभाको रुपमा संस्थाको अधिवेशन हुनेछ ।

(ख) अधिवेशनको रुपमा हुने साधारण सभामा कार्य समितिले तोकेको स्थानमा र समयमा वर्षको एक पटक बस्नेछ । आवश्यक परेमा कार्य समितिले विशेष साधारण सभा बोलाउने निर्णय गरेमा अरु समयमा पनि बस्नेछ । साधारण सभा हुन २१ दिन अगावै सदस्यहरूलाई

→पहिलो संशोधनद्वारा झिकिएको



CamScanner

सूचना गर्नु पर्नेछ ।

(ग) साधारण सभाको गणपुरक संख्या भन्नाले सदस्य संख्याको एक तिहाई सम्म हुनु पर्नेछ । कथंकदाचित पहिलो पटक गणपुरक संख्या नपुगेमा अर्को सभा बोलाईने छ र यो सभामा गणपुरक संख्या नपुगे पनि सभा बस्नेछ ।

(घ) साधारण सभामा खास सदस्य आफै र संघ संस्था वा कुनै निकाय सदस्य भएमा सो संघ संस्थाका निकायको प्रमुख वा निजले तोकेका प्रतिनिधिहरूले भाग लिनु पर्नेछ ।

(ङ) कार्य समितिको अध्यक्ष वा निजको अनुपस्थितीमा President Elect ले र सो नभएमा अध्यक्षले तोकेको सदस्यले र नतोकिएकोमा उपस्थित सदस्यहरूले तोकेको व्यक्तिले साधारण सभाको अध्यक्षता ग्रहण गर्नेछ ।

(च) साधारण सभा अधिकार सम्पन्न संस्थाको सबै भन्दा उच्च सभा हुनेछ । साधारण सभाको काम कर्तव्य देहाय बमोजिम हुनेछ :

१. कार्य समितिले साधारण सभाको सल्लाह प्राप्त गर्न उचित देखि पेश गरेको जुनसुकै विषयमा यथोचित सल्लाह दिने ।

२. लेखा परीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।

३. संस्थाको गत सालको हिसाबको विवरण र तत्सम्बन्धमा लेखा परीक्षकको प्रतिवेदन पारित गर्ने ।

४. कार्य समितिले पेश गरेको आर्थिक प्रतिवेदन अध्ययन गरी आवश्यक भए राय सुझाव सहित पारित गर्ने ।

५. कार्य समितिको सदस्यहरू छनोट गर्ने तथा छनोट गर्ने विधि तोक्ने ।

+४.३. कार्यसमिति गठन विधि:

(क) संस्थाको दैनिक कार्य संचालनका लागि संस्थाका सदस्यहरूले तोकिएको निर्वाचन विधिअनुसार गोप्य मतदानद्वारा निर्वाचित देहायअनुसारका पन्ध्र सदस्यीय केन्द्रिय कार्यसमितिको गठन हुनेछ । जसमा संस्थाको कार्यकारिणी अधिकार नीहित रहनेछ ।

(१) अध्यक्ष -एक

(२) उपाध्यक्ष (प्रेसिडेण्ट इलेक्ट) -एक

(३) महासचिव - एक

(४) सचिव -एक

(५) कोषाध्यक्ष - एक

---

+[illegible]

CamScanner

(६) प्रदेश सदस्य - सात

प्रदेश एक -१, मधेश प्रदेश - १, बागमती प्रदेश - १, गण्डकी प्रदेश- १, लुम्बिनी प्रदेश- १, सुदूरपश्चिमाञ्चल प्रदेश -१ र कर्णाली प्रदेश - १

(७) खुल्ला सदस्यहरू - ३ जना

(ख) उपाध्यक्ष (प्रसिडेण्ट इलेक्ट) अर्को कार्यकालको लागि स्वतः अध्यक्ष हुनेछन् । बाँकी पदाधिकारीहरुको चयनको लागि मात्र निर्वाचन हुनेछ ।

(ग) केन्द्रिय कार्यसमितिको प्रदेश सदस्य पदको उम्मेदवार हुनका लागि जुन प्रदेशबाट उम्मेदवार हुन चाहेको हो सोही प्रदेशमा कार्यरत रहेको हुनुपर्नेछ । निर्वाचन भने अन्य पदाधिकारी सरह संस्थाका संपूर्ण सदस्यहरुको मतदानका आधारमा हुने छ ।

कार्यसमितिको प्रदेश सदस्यले आफुले प्रतिनिधित्व गर्ने प्रदेशमा संस्थाको कार्य संचालनका लागि कार्यसमितिबाट अनुमोदन हुने गरी देहाय बमोजिम बढीमा ३ सदस्यीय प्रदेश समिति मनोनयनबाट गठन गर्न सक्नेछ:

(१) संयोजक - एक (आफैं)

(२) सदस्यहरू - दुइ

४.४ कार्य समितिको बैठक

✦(क) कार्य समितिको बैठक वर्षमा कम्तीमा ६ पटक बस्नेछ । घटीमा ५१ प्रतिशत भन्दा बढी उपस्थित भएमा बैठकको गणपुरक संख्या मानिनेछ । कार्य समितिको निर्णय बहुमतबाट हुनेछ । मत बराबर भएमा अध्यक्षको आफ्नो मतका अतिरिक्त अर्को एक निर्णयात्मक मतबाट हुनेछ ।

(ख) कार्य समितिको बैठकको विवरण पुस्तिका (माइन्युट) राखिनेछ । यो विवरण सदस्य सचिवको जिम्मा रहनेछ ।

---

✦तेस्रो संशोधनद्वारा संशोधित

CamScanner

४.५ कार्य समितिको काम, कर्तव्य र अधिकार

(क) यस विधानमा साधारण सभाले गर्ने भनी तोकिएको काम कुरा वाहेक अरु संख्या सम्वन्धी गर्नुपर्ने देहाय बमोजिमका सबै काम, कर्तव्य र अधिकार कार्य समितिको हुनेछ ।

१. संस्थाको निम्ति चाहिने सहयोग उपलब्ध गराउने । संस्थाको कोषलाई राम्रो संरक्षण हुने गरी बैंकमा जम्मा गर्ने, उक्त बैंकका खाता संचालन गर्ने र संस्थाको रहने काम र अरु संस्थाको सम्पत्तिको जिम्मा लिने ।

२. संस्थाको आम्दानी खर्च सबैको हिसाव राख्ने, राख्न लगाउने, संस्थाको सम्पत्तिको संरक्षण तथा रेखदेख गर्ने गराउने ।

३. संस्थाको उद्देश्य अनुसार काम गर्न चाहिने सामग्री तथा कामदारको व्यवस्था र आवश्यक खर्च गर्ने । संस्थाको आयमा वृद्धि हुने काम गर्ने ।

४. संस्थाको सहयोग गर्ने विषय सम्बन्धी संस्थाको उद्देश्यको अधिनमा रही निति, योजना कार्यक्रम, तथा आय व्यय बजेट तयार गर्ने, त्यसको कार्यान्वयन गर्ने गराउने ।

५. उद्देश्य कार्यान्वयन गर्न सहयोगको क्षेत्र तोक्ने ।

६. संस्था दर्ता ऐन, २०३४ र यस विधानको अधिनमा रही संस्थाको उद्देश्य पूरा गर्नको निमित्त गर्नु पर्ने र आइपर्ने सबै प्रकारका काम कारवाही गर्ने गराउने ।

७. यस विधान बमोजिम साधारण सभाको निमित्त लेखा परीक्षकले प्रमाणित गरेको हिसावको विवरण तयार गरी साधारण सभामा पेश गर्ने ।

८. कामहरू सुचारू रुपले संचालन गर्ने आवश्यकतानुसार समिति परामर्श दातृ समिति, सहयोग समितिहरू गठन गर्ने ।

९. यस विधानको अधिनमा रही काम गर्ने नियमहरू बनाउने ।

(ख) कार्य समितिले वर्ष भरमा संस्थाबाट भएको काम कुराको प्रगति विवरण तयार गरी साधारण सभामा पेश गर्ने ।

(ग) कार्य समितिले पदाधिकारी वा कार्यालय सचिव सहयोग समितिलाई आफ्ना केही अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

CS CamScanner

## परिच्छेद-५

## पदाधिकारी तथा काम, कर्तव्य र अधिकार

+५.१ पदाधिकारी

संस्थाको कार्यसम्पादन गर्न यस विधानको अधिनमा रही साधारणसभाले तोकिदिएबमोजिम अध्यक्ष, उपाध्यक्ष (प्रेसिडेण्ट इलेक्ट), महासचिव, सचिव, कोषाध्यक्ष, प्रदेश सदस्य र खुल्ला सदस्य रहनेछन् ।

५.२ पदाधिकारीको काम, कर्तव्य र अधिकार

(क) अध्यक्ष

कार्य समिति तथा साधारण सभाको बैठक बोलाउनु, बैठकको अध्यक्षता गर्नु र संस्थाको सम्पूर्ण क्रियाकलापको रेखदेख गर्नु नै अध्यक्षको काम, कर्तव्य र अधिकार हुनेछ ।

+(ख) उपाध्यक्ष (प्रेसिडेण्ट इलेक्ट)

अध्यक्षको काममा सघाउ पुऱ्याउनु र अध्यक्षको अनुपस्थितिमा अध्यक्षको काम गर्नु नै उपाध्यक्ष (प्रेसिडेण्ट इलेक्ट)को काम कर्तव्य हुने छ ।

+(ग) महासचिव

अध्यक्षको निर्देशन अनुसार बैठक बोलाउनु, बैठकका निर्णयहरु कार्यान्वयन गर्नु गराउनु, संस्थाको सम्पूर्ण कागजात तथा छाप जिम्मा लिनु र संस्थाको तर्फबाट गर्नु पर्ने सबै औपचारिक लेखापढी गर्नु नै महासचिवको काम कर्तव्य हुनेछ ।

+(घ) सचिव

महासचिवको कामका सघाउ पुऱ्याउनु र महासचिवको अनुपस्थितिमा महासचिवको काम गर्नु नै सचिवको काम कर्तव्य हुनेछ ।

+(ङ) कोषाध्यक्ष

संस्थाको नगद तथा जिन्सी जिम्मा लिने, कोषको हिसाव किताब राख्ने र संस्थाको आयव्यय बजेट तयार गर्ने तथा हर हिसाव अध्यावधि बनाई लेखा परिक्षण गराउनु कोषाध्यक्षको काम कर्तव्य हुनेछ ।

---

+तेस्रो संशोधनद्वारा संशोधित

+(च) प्रदेश संयोजक

आफ्नो प्रदेशको प्रदेश समितिको संयोजन गर्ने, कार्यसमितिसँग सम्पर्कमा रहेर प्रदेश स्तरीय कार्यक्रमहरु निर्माण, संचालन तथा कार्यन्वयन गर्ने र त्यसको प्रतिवेदन कार्यसमिति समक्ष पेश गर्ने ।

कार्यक्रमहरु संचालन गर्न आवश्यक खर्च व्यवस्थापन गर्न प्रदेश समिति स्वायत्त हुनेछ तर त्यसको आर्थिक विवरण कार्यसमितिमा पेश गनुपर्ने छ ।

कार्यक्रमको आवश्यकता अनुसार कार्यसमितिले आफ्नो आर्थिक स्थिति अनुसार प्रदेश समितिलाई आवश्यक वजेट विनियोजन गर्न सक्नेछ ।

♣५.३. कार्य विधि

पदाधिकारीहरूको कार्य अवधि २ वर्षको हुनेछ ।

## परिच्छेद-६

## आर्थिक व्यवस्था

६.१. आर्थिक श्रोत

(क) सदस्य शुल्क र यस विधान बमोजिम प्राप्त हुने रकम यस संस्थाको आय श्रोत हुनेछ । संस्थाको रकम भएमा आवश्यकतानुसार अक्षय कोषमा राखी त्यसको व्याज वा आयस्ता संस्थाको काममा खर्च चलाउन सकिनेछ ।

(ख) खण्ड (क) को अतिरिक्त अन्य श्रद्धालुबाट प्रदान भएको रकम पनि यस संस्थाले लिई संस्थाको काममा प्रयोग गर्न सक्नेछ ।

(ग) कुनै अन्तर्राष्ट्रिय दातृ संस्थाहरूबाट सहयोग प्राप्त हुने भएमा प्रचलित नियम अनुसार र सम्बन्धित निकायबाट पूर्व स्विकृती लिनुपर्नेछ ।

---

♣ दोस्रो संशोधनद्वारा संशोधित

+तेस्रो संशोधनद्वारा संशोधित

६.२. चलअचल सम्पत्तिको विवरण

विधानको धारा ६.१ को खण्ड (क) र (ख) बमोजिम प्राप्त रकम संस्थाको नाममा रहेका चलअचल जायजेथा संस्थाको सम्पत्ति हुनेछ। सम्पत्तिको परिचालन एवं संचालन व्यवस्था कार्य समितिले बनाएका नियम बमोजिम हुनेछ।

६.३. कोष

विधानको धारा ६.१ बमोजिम प्राप्त रकम संस्थाको कोष हुनेछ। सो कोषको संचालन अध्यक्ष वा सदस्य सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट हुनेछ। कार्य समितिको निर्णय र सो समितिले बनाएको नियमअनुसार संस्थाको काममा कोषको प्रयोग हुनेछ। दैनिक प्रशासनको खर्च गर्ने कोष समितिले तोकिदिए बमोजिम संचालन हुनेछ।

६.४.हिसाव किताव र लेखा परीक्षण

(क) संस्थाको सम्पत्ति र आयव्ययको हिसाव किताब कार्य समितिले तोकिदिए बमोजिम राख्नु पर्नेछ।

(ख) साल तमाम भएको कम से कम ६ महिनाभित्र संस्थाको आयव्यय विवरण र वासलात तयार गरी रजिष्टर्ड नेपाल सरकारबाट मान्यता प्राप्त लेखा परीक्षकद्वारा लेखा परीक्षण गराउनु पर्नेछ।

(ग) खण्ड (ख) बमोजिम हिसाब किताब लेखा परीक्षण भै सकेपछि सो हिसाबको विवरण र तत्सम्बन्धमा लेखा परीक्षकको प्रतिवेदन कार्य समितिमा पेश गरी सो समितिको राय ठहरसाथ साधारण सभामा पेश गर्नु पर्नेछ।

(घ) संस्थाको हिसाब विवरण र लेखा परीक्षण प्रतिवेदन प्रत्येक वर्ष स्थानीय अधिकारी समक्ष पेश गरिनेछ।

## परिच्छेद-७

## विविध

७.१ निर्वाचनसम्बन्धी व्यवस्था

प्रत्येक २/२ वर्षमा प्रजातान्त्रिक किसिमबाट निर्वाचन हुनेछ। संस्थाको कार्य समितिका सदस्य तथा पदाधिकारीको छनोट र निर्वाचन साधारण सभाले गर्नेछ। अरु विधि कार्य समितिले तोकिदिए बमोजिम हुनेछ। निर्वाचन गर्ने गराउने काम कर्तव्य कार्य समितिले तोकिदिए बमोजिमको निर्वाचन अधिकृतले गर्नेछ।



CamScanner

७.२. उम्मेदवार हुने अयोग्यता

विधानको धारा ३.३ को अयोग्यता भएको, वार्षिक शुल्क नबुझाएको तथा साधारण सभामा उपस्थित नभएको व्यक्ति कार्य समितिको सदस्य र पदाधिकारी हुन सक्ने छैन ।

७.३. अविश्वासको प्रस्ताव

कार्य समितिको सदस्यले संस्थाको हित विरुद्ध काम गरेको छ भन्ने ठहरेमा त्यस्ता सदस्यलाई साधारण सभाको दुई तिहाई मतबाट हटाउन सकिनेछ। साधारण सदस्यहरूको एक तिहाई प्रतिशतले विशेष साधारण सभा बोलाउन अनुरोध गरेमा विशेष साधारण सभा बोलाउनु पर्नेछ ।

७.४.१. नियम बनाउने

कार्य समितिले यो विधान र कानूनको अधिनमा रही कार्य संचालन नियम बनाउन सक्नेछ ।

• ७.४.२. संरक्षक (Patron) को स्थापना

साधारण सभामा संस्थाको सर्वसम्मतिले संस्थाको जेठो सदस्यहरू मध्येबाट एक संरक्षकको मनोनयन गर्न सक्नेछ। संरक्षकको मुख्य भूमिका संस्थाको उद्देश्य प्राप्ती र विकास कार्यमा सहयोग पुऱ्याउने हुनेछ । संरक्षक कार्य समितिको बैठकमा उपस्थित हुन सक्नेछ । तर आफ्नो मर्यादालाई कायम राख्दै मतदानमा भाग लिने छैन ।

७.५ विधान संशोधन

यो विधान संशोधन गर्नुपर्ने भएमा साधारण सभामा पेश गरी सो सभाको सम्पूर्ण सदस्यको दुई तिहाई बहुमतले पारित गरी स्थानीय अधिकारीको स्वीकृती लिई लागू गरिनेछ ।

७.६. ऐन बमोजिम हुने

यस संस्थाको विधानमा नलेखेका कुरा संस्था दर्ता ऐन, २०३४ बमोजिम हुनेछ ।

७.७. संस्थाको विघटन

संस्थाको विधान बमोजिम कार्य संचालन गर्न नसकी वा अन्य कुनै कारणवश संस्था विघटन भएमा संस्थाको सम्पूर्ण जायजेथा र दायित्व संस्था दर्ता ऐन बमोजिम नेपाल सरकारमा सर्नेछ ।

---

• दोस्रो संशोधनद्वारा थप



CamScanner